भागेश्वर गा पा भित्र निर्माण आयोजना अनुगमन प्रतिवेदन

अनुगमन भ्रमणको औचित्यः भागेश्वर गाउँपालिका अन्तरगत वार्ड न १ , २ ,३ र ५ का विभिन्न योजनाहरुको निर्माण कार्यान्वयन चरणमा रहेको छ।

उद्देश्य निर्धारण

उपभोक्ता, जनप्रतिनिधी र सरोकारवालाहरु बीच योजना समयसीमा भित्र सम्पन्न गर्न छलफलको माध्यमबाट समन्वय र निर्माण कार्य सुचारु गरिएको भागेश्वर गाउँपालिकामा छ ।

कार्यसम्पादन मापन टोली

यस गाउँपालिका कार्यालयको मिति २०८१/२/२५-३० को निर्णयानुसार देहाय बमोजिमको अनुगमन सिराड वर्थिङ् सेन्टरको स्थलगत भ्रमण गर्ने निर्णय भएको।

क. गाउँ पालिका प्रमुख प्रशाकीय अधिकृत श्री खगेन्द्र भारती — संयोजक

ख. विज्ञ परामर्शदाता ईन्जिनियर श्री सुदिप देवकोटा — सदस्य

ग= योजना अधिकृत श्री प्रेम सि घोटा — सदस्य

घ ईन्जिनियर श्री सत्यराज ओली — सदस्य

ङ कार्यालयको साईट इन्चार्ज सव इन्जिनियरहरु

च निर्माण कम्पनीको प्रतिनिधीलाई समेत साईडमा बोलाएको अवस्था

भ्रमणको संक्षिप्त उद्देश्यः भागेश्वर गाउँपालिका भित्रका निर्माण आयोजना स्थलगत अवलोकन भ्रमण गरी गाउंपालिकाको वार्षिक कार्यक्रम तथा कार्य प्रगति समेतको कार्य सम्पादन प्रतिवेदन प्रत्यक्ष रुपमा सम्बन्धित विषयका जानकार सहित, गाउँ पालिकाका प्रमुख प्रशासकीय अधिकृत र विज्ञ परामर्शदाता ईन्जिनियर, योजना अधिकृत, इन्जिनियर र सव इन्जिनियर समेतको सहभागितामा निर्माण कार्यस्थलमै निर्माण कम्पनीका प्रतिनिधीहरु अन्तरक्रिया, प्रश्नोत्तर र अवलोकनको माध्यमवाट आयोजनाको कार्यको नाप जाच र अनुगमन गर्ने कार्य गरियो ।

३. भ्रमण कार्यतालिका तथा विवरणः

| मिति | कार्यक्रम | कैफियत |
|---|---|---|
| २०८१/२/२५ | वगरकोट – रुपाल १ | |
| २०८१/२/२६ | वाड न २ | |
| २०८१/२/२७ | वाड न २ | |
| २०८१/२/२८ | वाड न ५ | |
| २०८१/२/३० | वाड न ३ | |

निर्माण आयोजनाको स्थलगत अवलोकन र निरीक्षणः

प्रमुख प्रशासकीय अधिकृत

निर्माण आयोजनाको स्थलगत इस्टमेट र सम्झौता बमोजिम कार्य भए नभएको पहिलो चरणमा गर्न लागेको कार्यको नाप जाँच गरी सम्झौता बमोजिमको कार्य भएको छ छैन कति कार्य भएको फिल्ड अनुगमन गरियो ।

निर्माणमा देखिएका समस्याहरुः

- निर्माणका काममा गुणस्तरसँग गाँसिएका विषय अध्ययन गर्दा योजनाको परिकल्पना, सम्भाव्यता अध्ययन, निर्माण सामग्रीका स्रोतहरूको यकिन, योजना प्राथमिकीकरण, योजना छनोट, गुणस्तर प्रत्याभूति गर्ने आधारहरू, मापनका सूचकहरू, योजना सञ्चालन तथा निर्माणका लागि सशक्त टिम, टिमको कार्यक्षमता र इमान्दारिता, अत्याधुनिक प्रयोगशाला, समय र प्रगतिसँग आबद्ध गरिएको हुनुपर्छ ।
- अनुगमनबाट मात्र हामीले खोजेको, जनताले चाहेको प्रतिफल प्राप्त गर्न सक्ने देखिन्छ ।
- कमसल वालुवा र गिट्टी भएकोले उक्त वालुवालाई पानीले सफा गरेर मात्र प्रयोग गर्ने ।
- निर्माणस्थलको गिट्टी हटाएर अर्को गिट्टी प्रयोग गर्ने ।
- छोटो अवधिमा तयार गरिएका विस्तृत परियोजना प्रतिवेदनहरू नभएका ।
- हतारमा गरिने ठेक्कापट्टा व्यवस्थापन, थोरै बजेट विनियोजन ।
- ढिलो निकासा प्रणालीबाट भुक्तानी समस्याले थर्पिदै जाने ।
- राम्रो निर्माण सामग्रीको अभाव, व्यवस्थित प्रयोगशाला र दक्ष जनशक्तिको सधैं अभाव ।
- निर्माणको काम सुरु गर्ने बेला देखि स्थानीय व्यक्तिहरुबाट आयोजना निर्माण अवरोध गरि राखे ।
- प्राविधिक कर्मचारीको नियमित अनुगमनको अभाव
- कर्मचारीले काम थन्क्याउने प्रवृत्तिको कारण पनि कार्य ढिलाई हुने ।
- जनप्रतिनीधिहरुबाट निर्माण कार्यमा समन्वयको कमी ।
- गुणस्तरीय निर्माण सामाग्रीको अभाव गुणस्तरमा प्रश्नचिह्न खडा हुने ।


अनुगमनमा देखिएका सकारात्मक पक्ष /सुझावहरूः

- निर्माण व्यवसायी र उपभोक्ताले आयोजनाको निर्धारित समय भित्र कार्य सम्पन्न हुने गरी व्यवस्था मिलाउनु पर्ने।
- निर्माण हुने कार्यमा ड्रइङ, डिजाइन र इष्टिमेट वमोजिम निर्माण गर्ने ।
- अव प्रयोग गरिने निर्माण सामग्री जस्तै बालुवा, गिट्टी, इटा, सिमेन्ट,छड आदी इष्टिमेट बमोजिम र ल्याव टेष्ट सहितको गुणस्तरीय हुनुपर्ने .
- प्राविधिकको प्रत्यक्ष निगरानी र निर्देशन वमोजिम निर्माण कार्य गर्नुपर्ने ।
- हाल प्रयोग भएको इटा, वालुवा र गिट्टीको गुणस्तर चेकजाचको रिपोर्ट पेश गर्ने ।
- सम्वन्धित साईट प्राविधिकको उपभोक्ताले निर्देशन पालना गर्ने ।
- विज्ञ परामर्शदाता ईन्जिनियरले फोन मार्फत दिएको निर्देशन वमोजिम कार्य गर्नुपर्ने


- कार्यालयले खटाइएको प्राविधिकले निर्माण अवधिभर निर्माण कार्यको प्रत्यक्ष निगरानी गर्नुपर्ने ।
- तुरुन्त थप उपभोक्ता र कामदारहरु कार्यक्षेत्रमा खटाउने र कार्य समय सीमा भित्रै सम्पन्न गर्ने ।
- सिमेन्ट प्रयोग भएको सरचनामा पानीको प्रयोग गर्ने।


फोटोहरु

अभिभावक अन्तरक्रिया कार्यक्रम





प्रमुख प्रशासकीय अधिकृत







प्रमुख प्रशासकीय अधिकृत






प्रमुख प्रशासकीय अधिकृत





प्रमुख प्रशासकीय अधिकृत





प्रमुख प्रशासकीय अधिकृत

